# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ०९ संख्याः०४ मितिः २०८२/०६/१०

## भाग १

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

### बन्दीपुर गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८२

## बन्दीपुर गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८२

**स्वीकृत मितिः२०८२/०६/०५**

**प्रस्तावना:-**

आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गर्ने संवैधानिक व्यवस्था तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सबैका लागि स्वास्थ्य बीमावाट स्वास्थ्य सेवा सुनिश्चित गरिने राष्ट्रिय स्वास्थ्य बीमा नीति अनुरुप पालिका क्षेत्र भित्र रहेका अति विपन्न, कडा दिर्घ रोगी, जेष्ठ नागरिक र अपाङ्गता भएका नागरिकका लागि स्वास्थ्य बीमा गर्ने बन्दीपुर गाउँपालिकाको आफ्नो नीतिलाई कार्यान्वयन गर्दै स्वास्थ्य उपचारमा हुने सम्भावित खर्चको जोखिमलाई न्यूनीकरण गर्दै स्वास्थ्यका क्षेत्रमा सर्वसाधारण र पिछडिएका वर्ग समेतको पहुँच स्थापित गर्न एवम् पूर्ण स्वास्थ्य बीमा पालिका घोषणा गर्नु वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम बन्दीपुर गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि २०८२ गाउँकार्यपालिका बाट स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम **बन्दीपुर गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि २०८२** रहेको छ।

(२) यो कार्यवधी गाउँपालिकावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

क) **'स्वास्थ्य बीमा'** भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तिका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्झनु पर्दछ।

ख) **'सहुलियत'** भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितले रु. ३५००/- को २५ प्रतिशतका दरले बुझाउने योगदान रकम (प्रिमियम) र बन्दीपुर गाउँपालिकाले बहन गर्ने ७५ प्रतिशत रकम लाई सम्झनु पर्दछ।

ग) **'बिपन्न'** भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा बन्दीपुर गाउँपालिकाले बर्गिकरण गरि सुचिकृत गरिएको गरिव परिवार परिचय पत्र प्राप्त तथा आर्थिक एवं सामाजिक गरिबीको समस्या ग्रस्त परिवारलाई सम्झनु पर्दछ।

घ) **'बीमित'** भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्दछ।

ङ) **'बोर्ड'** भन्नाले स्वास्थ्य बीमा बोर्ड लाई सम्झनु पर्दछ।

च) **'गाउँपालिका'** भन्नाले बन्दीपुर गाउँपालिका सम्झनु पर्दछ।

छ) **'कार्यपालिका'** भन्नाले बन्दीपुर गाउँकार्यपालिका सम्झनुपर्छ।

ज) **'प्रमुख'** भन्नाले बन्दीपुर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

झ) **'उपप्रमुख'** भन्नाले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ञ) **'वडा अध्यक्ष'** भन्नाले बन्दीपुर गाउँपालिकाको सबै वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

ट) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले बन्दीपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ठ) **'लाभग्राही'** भन्नाले बन्दीपुर गाउँपालिका भित्रका दलित, अल्पसंख्यक, एकल महिला, विपन्न कडा रोगी र विपन्न वर्गलाई सम्झनु पर्छ।

ड) **'कडा दिर्घ रोगी'** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्धारा जारी गरिएको **विपन्न नागरिक औषधि निर्देशिका, २०८०** बमोजिमका मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स अल्जाईमर्स, स्पाइनल ईन्जुरी, हेड ईन्जुरी र सिकलसेल एनिमिया रोगहरुलाई सम्झनुपर्दछ।

ढ) **'पालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति'** भन्नाले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी संचालन गर्न गठन भएको बन्दीपुर गाउँ पालिका स्वास्थ्य बीमा संयोजन समिति गठन / संचालन कार्यविधी, २०८१ अनुसार गठन भएको समिति सम्झनु पर्छ।

ण) **'वडास्तरीय स्वास्थ्य बीमा समिति'** भन्नाले लाभग्राही लक्षित समूहलाई उपलब्ध हुने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गठन हुने वडास्तरीय स्वास्थ्य बीमा समिति सम्झनु पर्छ ।

त) **'स्वास्थ्य शाखा'** भन्नाले बन्दीपुर गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य सम्बन्धी समग्र कार्यक्रम संचालन गर्ने शाखा सम्झनु पर्नेछ ।

## परिच्छेद-२

### स्वास्थ्य बीमा सम्बन्धी व्यवस्था

**३. आबद्धता** : नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ

३.१ कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जना सम्म सदस्य रहेको परिवारलाई एक एकाई मानिनेछ ।

३.२ कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भएको सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली २०७५ को अनुसूची - १ बमोजिमको योगदान रकममा पनि ७५ प्रतिशत सहुलियत लिई भुक्तानी बाँकि २५ प्रतिशत स्वयंले व्यहोर्ने गरि दर्ता सहयोगी वा बीमा व्यबस्थापन सूचना प्रणाली मार्फत आबद्ध हुन सकिनेछ ।

**४. योगदान रकम तथा सहुलियत सम्बन्धि ब्यबस्थाः**

कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम दफा ३ बमोजिम पाँच जना परिवार सदस्य संख्या रहेको हकमा ७५% र सो भन्दा बढी सदस्य संख्या भएकोमा दफा ३.१ बमोजिम रकम गाउँपालिका द्वारा अनुदान स्वरूप उपलब्ध गराईने छ ।

**५. स्वास्थ्य बीमा लाभग्राही हुनका लागि आवश्यक पर्ने योग्यताहरु :**

बन्दीपुर गाउँपालिका भित्र स्वास्थ्य बीमा लाभग्राही हुनका लागि देहाय बमोजिमका योग्यता अनिवार्य हुनु पर्नेछ ।

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. बन्दीपुर गाउँपालिका भित्र स्थायी बसोवास गरेको हुनुपर्ने ।

ग. सम्पत्तीकर तथा भुमीकर बुझाएको हुनुपर्ने ।

घ. विपन्नता प्रमाणित (गरिव परिवार परिचय पत्र) हुनुपर्नेछ ।

ङ. लक्षित समूह भित्र परेको हुनुपर्ने ।

च. बसाई सरि आएको भए सो को प्रमाणपत्र ।

**६. स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रिया :**

स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्न अनुसारका प्रक्रिया पुरा गर्नुपर्नेछ,

क) स्वास्थ्य विमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित पक्षबाट आवेदन मागगर्न बन्दीपुर गाउँ कार्यपालिकावाट आवेदन संकलन सुरु हुने मिति भन्दा कम्तिमा १५ दिन अगावै आवेदन दिन सकिने विषयको सुचना सार्वजनिक संचार माध्यमवाट प्रसारण गर्नु पर्दछ ।

ख) बीमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्धीत वडा कार्यालय वा वडा स्तरिय जनप्रतिनिधी मार्फत वीमा सम्बन्धी विस्तृत सूचना लिन सक्नेछन ।

ग) योग्यता पुगेका इच्छुक व्यक्तिले वीमाको लागि अनुसूची-१ वमोजिमको आवेदन रित पुर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्नेछ ।

घ) अनुसूची-१ बमोजिमको फारम वडा कार्यालयवाट निःशुल्क उपलब्ध हुनेछ ।

ङ) आवेदन साथ दफा ५ को (क) (ख) र (ग) लाई पुष्ट्याई हुने कागजातहरु र आवेदनसाथ एकप्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

### ७. वडा स्तरीय स्वास्थ्य बीमा समिति गठन

वडास्तरीय लाभग्राहीको सिफारीस गर्न देहाय अनुसार समिति गठन हुनेछ।

- सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक
- सम्बन्धीत वडाको वडा समितिले मनोनित गरेको दलित, अल्पसख्यक, एकल, विधवा र विपन्न महिला बाट १ -सदस्य
- वडा समितिको एक महिला सदस्य सहित २ जना -सदस्य
- सम्बन्धित वडाको स्वास्थ्य संस्थाका प्रमुख - सदस्य
- वडाको वडा सचिव -सदस्य सचिव

**वडास्तरीय बीमा समितिको काम कर्तव्य र अधिकार :**

- वडाभित्र संकलन भएका बीमा आवेदनहरु रितपूर्वक भए नभएको जाँच गर्ने।
- नियम नं. ५ बमोजिमका आधार नपुगेका अयोग्य आवेदन सम्बन्धित आवेदकहरुलाई कारणसहित फिर्ता गर्ने।
- योग्यता पुगेका आवेदनलाई दर्ता गरिएका मितिको आधारमा क्रम मिलाएर विपन्न,कडा दिर्घ रोगी, एकल विधवा महिला दलित, सीमान्तकृत र अल्पसंख्यक लाई छुट्टाछुट्टै अभिलेख राखे।
- अनुसुची २ बमोजिम दलित अल्पसङ्ख्यक, सीमान्तकृत एकल विधवा र विपन्नको वर्गीकरण गरी अन्तिम छनौटका लागि पालिकास्तरीय स्वास्थ्य बीमाका लागि सिफारीस गरी तोकिएको समयभित्रै पठाउने।
- दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने।
- वर्गीकरण तथा सिफारीसको नतिजा उपयुक्त समय बाहेक गोप्य राखे।

### ९. पालिका स्तरीय स्वास्थ्य बीमा समितिको गठन :

बन्दीपुर गाउँपालिका स्वास्थ्य बीमा संयोजन समितिको गठन/ संचालन कार्यविधी २०८१ बमोजिम देहाय अनुसार हुनेछन।

(क) अध्यक्ष, गाउँपालिका - संयोजक

(ख) गाउँपालिका अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष - सदस्य

(ग) गाउँपालिका अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था प्रतिनिधी - सदस्य

(घ) गाउँपालिका अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव सदस्य - सदस्य
हासिल गरेका एक र महिला स्वयंसेविका सहित दुइ जना

(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड (बन्दीपुर पालिका) - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तर कर्मचारी - सदस्य सचिव

तर, बीमा लाभग्राहीको छनौट तथा सिफारीस प्रयोजनको लागि समितिले थप सहयोगको आवश्यकताको महसुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रूपमा राख सकिने छ।

### १०. पालिका स्तरीय स्वास्थ्य बीमा समितिको काम कर्तव्य तथा अधिकारहरु :

पालिकास्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट तथा सिफारीस समितिको काम कर्तव्य तथा अधिकारहरु देहाय वमोजिम हुनेछः

- वडा बाट वर्गीकरण गरी सिफारीस सहित आएका आवेदनको पुनः परीक्षण गर्ने।
- वर्गीकरणको आधार र प्राथमिकताक्रम नमिलेको पाइएमा पुनर्विचारको लागि वडामा पठाउने।
- प्रक्रिया विपरित आएमा आवेदनलाई सूचीबाट हटाउने।
- मागको छाप अत्यधिक बढेर विनियोजित बजेटबाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिति पैदा भएको महशुस गरेमा समितिले नयाँ बर्गिकरणका आधारहरु तयार गरेर अन्तिम सुची तयार गर्न सक्नेछ।

- स्वास्थ्य बीमा लाभग्राही एवं बैकल्पिक बिमितहरुको अन्तिम नामावली तयार गरि अनुमोदनको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।
- वर्गिकरण तथा सिफारिस उपयुक्त समय बाहेक गोप्य राखुपर्नेछ ।

**११. बीमा लाभग्राही नामावली प्रकाशनः**

- प्रकिया विपरीत आएमा आवेदनलाई सुचीवाट हटाउने ।
- मागको चाप अत्याधिक बढेर विनियोजित बजेटबाट अधिकांस लाभग्राहीलाई समेट्न नसक्ने परिस्थिती पैदा भएको महसुस गरेमा समितिले नयाँ वर्गीकरणका आधारहरु तयार गरेर अन्तिमा सुची तयार गर्न सक्नेछ ।
- स्वास्थ्य बीमा लाभग्राही एवं बैकल्पीक विमीतहरुको अन्तिम नामावली तयार गरी अनुमोदनको लागि गाउँ कार्यपालिकामा सिफारीस गर्ने ।
- वर्गीकरण तथा सिफारीस उपयुक्त समय बाहेक गोप्य राख्नु पर्ने छ ।
  (क) नियम नं. ७ बमोजिम लाभग्राहीहरुको नामावली प्रकाशनगर्ने जिम्मेवारी गाउँकार्यपालिकाको कार्यालयको हुनेछ । सो नामावलीको एक प्रति बन्दीपुर गाउँपालिकाको सुचना पाटीमा टाँस गर्नुपर्नेछ, साथै समय भित्रै वडाका नामावली वडाहरुमा पठाउनुपर्नेछ ।
  (ख) वडागत नामावलि प्रकाशन गर्ने जिम्मेवारी वडाको हुनेछ ।

**१२. सम्झौता गाउँ कार्यपालिका र छनौट भएका बीमा लाभग्राहीहरुवीच अनुसूची २ बमोजिम सम्झौता गर्नुपर्नेछ ।**

**१३. स्वास्थ्य बीमा प्रारम्भ बिधि र प्रक्रियाः**

- नियम नं. ९ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गरेपछि मात्र निजलाई स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत वीमीत हुनको लागि योग्य भएको मानिने छ र तत्पश्चात स्वास्थ्य बीमा प्रारम्भ हुनेछ ।
- वडामामा खटिने दर्ता सहयोगी सो बीमितलाई स्वास्थ्य वीमाको सहजीकरण शुरु गर्नेछ । बीमा गरेवापत प्राप्त गर्ने सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

**१४. विविधः**

(क) छनौट भएका स्वास्थ्य बीमा लाभग्राही परिवारमा ५ जना भन्दा बढी स्वास्थ्य सदस्य भए सो वढी सदस्यहरूको बीमा गाउँकार्यपालिकाले गर्ने छैन।

(ख) नियम नं. १ मा जे सुकै कुरा लेखिए पनि गाउँपालिकाले स्वीकृत गरेको बजेटले लक्षित वर्ग सवैलाई कार्यक्रमबाट समेट्दा पनि बजेट वचत हुन गएमा निश्चित आधारहरु तयार गरेर लक्षित वर्गको दायरा विस्तार गरी कार्यक्रम चलान गर्न सक्नेछ ।

(ग) यो स्वास्थ्य बीमा सहयोगको बारेमा कुनै संभावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय र वडा अध्यक्ष हुनेछ।

(घ) यो कार्यविधिका नियमहरुलाई संशोधन वा थपघट गर्ने वा व्याख्या गर्ने अधिकार बन्दीपुर गाउँ कार्यपालिकालाई हुनेछ ।

**१५. खारेजी तथा बचाउः**

यस कार्यविधीमा उल्लेखित व्यवस्था नेपालको संविधान र प्रचलित कानून सँग बाझिएमा बाझिएका हदसम्म बदर हुनेछन् ।

आज्ञाले
कमल बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची – १
### (कार्यविधीको दफा ३ संग सम्बन्धित बीमा लाभग्राही आवेदन फाराम)

श्री वडा अध्यक्ष ज्यू,

वडा नं. ...........,

बन्दीपुर गाउँपालिका,तनहुँ।

विषयः स्वास्थ्य बीमा कार्यक्रममा समावेश गरिदिने सम्बन्धमा।

बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा संचालन गर्नु लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि म र मेरो परिवार संख्या..... जनालाई निशुल्क / ७५% अनुदान सेवा उपलब्ध हुने गरि समावेश गरिदिनु हुन सविनय अनुरोध गर्दछु। आवश्यक पर्ने तपशिलका कागजातहरु यसै निवेदन साथ पेश गरेको छु।

**सहि छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदनको विवरण

नाम थरः

उमेरः

स्थायी ठेगानाः

सम्पर्क नं.

बीमा सेवाग्राही सदस्यहरुको नामावलि (बढिमा ५ जना)

| क्र.सं. | वीमित परिवार सदस्यहरुको पुरा नाम थर | उमेर | आवेदक सँगको नाता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

संलग्न कागजातः

१. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।(नागरिकता नभएको खण्डमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी)

२. स्थायी ठेगाना खुल्ने कागजात( नागरिकतामा स्थायी ठेगना हालभन्दा फरक वा बसाईसराई भए)।

३. विपन्नत प्रमाणित (गरिव घरपरपवारि परिचय पत्र भएको खण्डमा)।

४. सम्पति कर, व्यवसाय कर तथा भुमिकर बुझाँएको प्रमाण पत्र।

५. कडा दिर्घ रोगी प्रमाणित चिकित्सक द्धारा प्रमाणित कागजात।

**अनुसूची – २**
**(कार्य विधीको दफा १२ साग सम्बन्धित)**
**बन्दीपुर गाउँपालिका र स्वास्थ्य बीमा लाभग्राही बीचको सम्झौता पत्र**

बन्दीपुर गाउँपालिका (यसपछि पहिलो पक्ष भनिने) र बन्दीपुर.गा.पा. वडा नं.............. बस्ने श्री ...............................................को बर्ष को छोरा छोरी श्री ............................................................को श्रीमान/श्रीमती(यसपछि दोस्रो पक्ष भनिने) बीच देहायका सर्तको अधिनमा रही सम्झौता गर्न मन्जुर भएकोले सहिछाप गरि यो कागज गरि लियौ दियौ ।

**शर्तहरु:**

१. स्वास्थ्य बीमा कार्यक्रम भन्नाले नेपाल सरकारले सञ्चालनमा ल्याएको बीमा कार्यकम मात्र बुझ्नु पर्नेछ ।
२. दोस्रो पक्षले अन्य निजी बीमा कम्पनीसँग स्वास्थ्य बीमाका लागि गरेको सम्झौताको बीमा रकम भूक्तानीका लागि पहिलो पक्ष बाध्य हुनेछैन ।
३. कार्यविधिको दफा ११ (क) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता गरिनेछ।
४. अनुसूची १ मा उल्लेखित सदस्यहरूको हकमा मात्र यो सम्झौता उत्तरदायी रहनेछ।
५. सम्झौता स्वीकृत भएपछी पहिलो पक्षले दोस्रो पक्षको नाममा स्वास्थ्य विमा वापत एक अवधिको लागि मात्र विमा रकम प्रिमियम वापत रु.३५०० को ७५ प्रतिशत/ शत प्रतिशत भूक्तानी गर्नेछ ।
६. शर्त नं. ५ मा उल्लेखित विमा रकममा कुनै छुटको व्यवस्था भए सो रकमको दावी दोथो पक्षले गर्न पाउने छैन ।
७. दोस्रो पक्षले यो सम्झौताको अवधि समाप्त भए पश्चात पहिलो पक्षवाट सहयोग प्राप्त भएपनि वा नभएपनि बीमालाई निरन्तरता दिई रहनु पर्नेछ ।
८. दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रमका बारेमा दिएको सबै निर्देशनहरूको पालाना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

लाभग्राहीको सही छाप

**सहि छाप**

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

सम्पर्क नं..............

**कार्यालयको तर्पबाट**

**कार्यालयको छाप**